# रुरुक्षेत्र गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
५ नं. प्रदेश, नेपाल
☎०७९-४१०१०४

च.नं.: ४८
प.सं.: ०७७/०७८

मिति २०७७/०६/१६

सुचना !

श्री रुरुक्षेत्र गाउँपालिकावासी दाजुभाइ, दिदी बहिनीहरु ।

यस गाउँपालिकाको वडा नं.१ रुरुमा कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रणको लागि यस कार्यालयबाट मिति २०७७ असोज ५ र ११ मा सूचना प्रकाशन गरी यस गाउँपालिकाको वडा नं. १ रुरुको भटकुवा बाहेकका अन्य क्षेत्रहरु पूर्ण रुपमा शिल गरिएको सन्दर्भमा कोरोना भाइरसको अवस्था विश्लेषण गर्दा मिति २०७७ आश्विन १८ गते बिहान ४:०० बजे देखि २५ गते बिहान ४:०० बजे सम्म गाउँपालिकाको वडा नं. १ मा देहाय अनुसार गर्नु गराउनुहुन यो सुचना जारि गरिएको छ।

<u>देहायः</u>

१. सरकारी तथा निजि कार्यालयहरु, बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरुबाट प्रदान गर्ने सेवाहरू स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरेर नियमित रुपमा संचालन गर्ने ।
२. सम्पूर्ण शैक्षिक संस्था, होटेल, रेस्टुरेन्ट, पार्टी प्यालेस, सैलुन, ब्युटी पार्लर बाहेकका अन्य पसल व्यवसायहरु अनिवार्य रुपमा भौतिक दुरी कायम गरी साबुन पानीले हात धुने व्यवस्था वा स्यानीटाइजरको प्रयोग हुने गरि बिहान ९ बजे देखि साझँ ५ बजे सम्म मात्र संचालन गर्ने।
३. समुहमा खेलिने खेलकुद लगायत समूहमा गरिने क्रियाकलापहरु सभा, सम्मेलन, गोष्ठी, तालिम, प्रशिक्षण आदि कार्य नगर्ने नगराउने ।
४. स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरेर सवारी साधन संचालन गर्ने ।
५. निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा) लोड गर्दा एक पटकमा बढीमा १० जना ज्यामी मात्र काममा लगाउने ।
६. हिडडुल गर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुपर्ने ।

कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रणको लागि उच्च सतर्कता अपनाउनुहुन, आफु आफ्नो परिवार र समुदायलाई संक्रमणबाट जोगाउन आ-आफ्नो स्थानबाट सहयोग गरिदिनुहुन अनुरोध गर्दछौ ।यस सूचनालाई अटेर गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत